# स्टेट अफ होर्मुजमा नाकाबन्दी तोड्ने जहाजमाथि अमेरिकी आक्रमण




होर्मुज। स्टेट अफ होर्मुजमा अमेरिकी नाकाबन्दी तोड्ने प्रयास गर्ने कार्गो जहाजमा अमेरिकी हेलिकप्टरले मिसाइल प्रहार गरेको अमेरिकी सेनाले जनाएको छ।

यूएस सेन्ट्रल कमान्ड (सेन्टकम)ले सामाजिक सञ्जाल एक्समा अमेरिकी नौ-सेनाको एमएच-६० हेलिकप्टरले एम/भी वेला नोभा कार्गो जहाजले अमेरिकी सेनाले बारम्बार जारी गरेको चेतावनीलाई बेवास्ता गरी अगाडि बढ्ने प्रयास गरेपछि आक्रमण गरी अघि बढ्न नदिएको जनाएको छ।

गत १४ जुलाईमा इरानी बन्दरगाहमा अमेरिकी नाकाबन्दी पुनः स्थापित गरेपछि इरान विरुद्धको १ महिना लामो युद्धमा अमेरिकाले जबरजस्ती जहाज रोकेको तेस्रोपटक भएको जनाइएको छ।

सेन्टकमले मंगलबारसम्म नाकाबन्दीको बेवास्ता गरी अगाडि खोज्ने तथा यस बन्दरगाहामा सञ्चालित अन्य जहाजलाई पुनः निर्देशित गरेको बताएको छ।

सेन्टकमका अनुसार अमेरिकी सेनाले यसअघि १३ अप्रिलदेखि १८ जुनसम्ममा इरानी बन्दरगाह अवरुद्ध गरेको थियो, यस अवधिमा उनीहरूले नौवटा कार्गो जहाज निश्क्रिय पार्नुका साथै १४० भन्दा बढी जहाज पुनः निर्देशित गरेको जनाइएको छ। इरानले युद्धअघि तेल र ग्यास ढुवानीका लागि प्रमुख मार्गको रूपमा रहेको स्टेट अफ होर्मुज पुनः खोल्नको लागि आफ्नो मुख्य सर्तको रूपमा संयुक्त राज्य अमेरिकाले इरानी बन्दरगाहमा जारी नाकाबन्दी समाप्त गर्नुपर्ने माग गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने बारम्बार संयुक्त राज्य अमेरिकाले रणनीतिक जलमार्ग हार्मुज अमेरिकी कब्जा रहेको दावी गर्दै नाकाबन्दी जारी रहने अडान राखेका छन्।

# कंगोमा इबोला भाइरसबाट मृत्यु संख्या २ हजार बढी

किन्शासा। लोकतान्त्रिक गणतन्त्र कंगोमा इबोला संक्रमणको कारण २ हजारभन्दा बढीको मृत्यु भएको जनाइएको छ। यसको प्रकोप ३ महिना पहिले घोषणा गरिएको थियो।

अल जजिराले आधिकारिक सरकारी तथ्यांकलाई उद्धृत गर्दै पछिल्लो ३ हप्तामा कम्तीमा १ हजार जनाको मृत्यु भएको जनाएको छ भने भाइरस खतरनाक दरमा फैलिरहेको उल्लेख गरेको छ। कंगोका ५ प्रान्तमा ४ हजार ३८१ जनामा इबोला संक्रमण पुष्टि भएकोमा २ हजार ११ जनाको मृत्यु भएको जनाइएको छ।

महामारीको तीव्र गतिमा बढिरहेको छ भने अन्तरराष्ट्रिय अधिकारीले संक्रमण नियन्त्रणका लागि तत्काल सहयोग गर्न अपिल गरेका छन्। संयुक्त राष्ट्र संघीय आपतकालीन राहत संयोजकद्वारा नियुक्त वरिष्ठ इबोला संयोजक जुलियन हार्नेसले सामाजिक सञ्जाल एक्समा संक्रमणका कारण बढ्दो मानव मृत्युलाई प्रस्ट पारेका छन्।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले पूर्वाधार सुदृढीकरण गर्न, लिटामा डब्ल्यूएचओद्वारा निर्मित उपचार केन्द्रको विस्तार भइरहेको घोषणा गरेको छ। यो प्रयासलाई युनिसेफ, विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) लगायत मानवीय साझेदारसँगै स्वास्थ्य मन्त्रालयले समर्थन गरेको जनाइएको छ।

गत हप्ता, रोग नियन्त्रण र रोकथामका लागि अफ्रिका केन्द्र (अफ्रिका सीडीसी) र डब्ल्यूएचओले संयुक्त रूपमा डीआरसीमा समुदाय नेतृत्वको प्रतिक्रियाको तत्काल विस्तारको लागि आह्वान गरेका थिए।

डब्ल्यूएचओका अनुसार ४-५ अगस्टमा डब्ल्यूएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयसस, अफ्रिका सीडीसीका महानिर्देशक जीन कासेया र अफ्रिकाका लागि डब्ल्यूएचओका क्षेत्रीय निर्देशक मोहम्मद जनाबीको नेतृत्वमा युगान्डा र डीआरसीको संयुक्त उच्चस्तरीय मिसनपछि प्रयास भएको जनाइएको छ।

इबोला रोग एक भाइरल रक्तस्रावी ज्वरो हो, जुन इबोला भाइरसको बुन्डिबुग्यो भाइरस स्ट्रेनको संक्रमणबाट हुन्छ। यो उच्च मृत्युदर भएको गम्भीर रोग भएको जनाइएको छ, हालसम्म बुन्डिबुग्यो भाइरसले गर्दा हुने इबोला रोगलाई रोक्न वा उपचार गर्न कुनै खोप वा विशेष उपचार स्वीकृत गरिएको छैन।

# लालसागरमा यमनी जहाजमा हुथी आक्रमण, ६ जनाको मृत्यु

यमन। लाल सागरको बाब अल-मन्डेब स्ट्रेटमा व्यापारिक यमनी जहाजमा हुथी विद्रोहीले गरेको मिसाइल आक्रमणकमा कम्तीमा ६ जनाको मृत्यु भएको यमन सरकारले जनाएको छ।

यमन सरकारको यातायात मन्त्रालयका अनुसार हुथी विद्रोहिले खाना ढुवानी गर्ने सानो मालबाहक जहाज तिहामामा ३ वटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेका थिए।

ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमणले आगलागी निम्त्याएपछि ४ जना चालक दलका सदस्य, ३ जना पाकिस्तानी नागरिक र १ जना इन्डोनेसियाली नागरिक र अन्य ४ जना चालक दलका सदस्यका साथै १ जना उद्धारकर्मी घाइते भएको मन्त्रालयलाई उद्धृत गर्दै सीएनएनले जनाएको छ। अनुसन्धान र उद्धार अभियान सुरु भएपछि पनि हुथीले दोस्रोपटक जहाजमा प्रहार गरेर उद्धार टोलीसहित जहाजमा रहेका यात्रुहरूको जीवन खतरामा पार्ने समेत प्रयास गरेको जनाइएको छ। यमनको तटरक्षकले मृतकमध्ये २ जना उद्धारकर्मी रहेको पुष्टि गरेको छ। प्रारम्भिक समयमा यमनी अधिकारी र समुद्री गुप्तचर समूह मारिस्कले पहिलोपटक साउदीको स्वामित्वमा रहेको जहाजमा आक्रमण भएको रिपोर्ट गरेका थिए।

यद्यपि मरीन ट्राफिकको तथ्यांकले तिहामाह तान्जानियामा यात्रा गरिरहेको र इजिप्ट र यमनमा दर्ता भएका कम्पनीको स्वामित्वमा रहेको जहाजमा आक्रमण भएको जनाइएको छ। यसैबिच पाकिस्तान, टर्की र साउदी अरबबिच भर्खरै घोषणा गरिएको मक्का संयुक्त रक्षा सम्झौता यमनका इरान समर्थित हुथी विद्रोहीले जाजानको अरामको प्रशोदन केन्द्रमा आक्रमण गरेपछि असफल भएको जनाइएको छ। सादा र हजाह प्रान्तमा साउदी ड्रोन अपरेसनको बदलामा हुथी समूहले प्रतिआक्रमणमा प्रशोदन सुविधा लक्षित गरेको कारण जाजानको अरामको प्रशोदन केन्द्रमा आईतबार आगलागी सुरु भएको हुथी सैन्य प्रवक्ता याह्या सारीले बताए।

## भारतपछि चीन भ्रमणको...

तिब्बत पुगेपछि प्रतिनिधिमण्डल कैलाश मानसरोवर क्षेत्रसम्म जाने तय भएको बताइएको छ। धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण मानिने कैलाश मानसरोवर भ्रमणलाई चीन भ्रमणको अर्को महत्वपूर्ण पक्षका रूपमा हेरिएको छ।

कैलाश मानसरोवर क्षेत्र नेपालसँग भौगोलिक रूपमा पनि नजिक रहेकाले लामिछानेको भ्रमणका क्रममा सीमा क्षेत्र, धार्मिक पर्यटन तथा नेपाल-चीनबीचको पर्यटन सहकार्यका विषयमा पनि चासो देखिन सक्ने अनुमान गरिएको छ। यद्यपि भ्रमणको औपचारिक एजेन्डा र विभिन्न भेटवार्तामा उठाइने विषयबारे विस्तृत जानकारी सार्वजनिक हुन बाँकी छ। लामिछानेले चीन भ्रमण गर्नुअघि भारत भ्रमण गरिसकेका छन्। गत जेठ १९ देखि २३ गतेसम्म भारत भ्रमण गरेका उनले त्यहाँ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, विदेशमन्त्री एस जयशंकर तथा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग भेटवार्ता गरेका थिए। भारतको सत्तारुढ भाजपा नेतृत्वसँग लामिछानेको भएको संवादलाई उनको राजनीतिक सक्रियताको अन्तर्राष्ट्रिय विस्तारका रूपमा हेरिएको थियो।

भारत भ्रमणका क्रममा लामिछानेले भाजपा अध्यक्ष नितिन नवीनसहित पार्टीका अन्य नेताहरूसँग समेत छलफल गरेका थिए। नेपालमा नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको रास्वपाका सभापतिले भारतको सत्तारुढ दलका शीर्ष नेतासँग प्रत्यक्ष संवाद गर्नुलाई दुवै देशबीच राजनीतिक सम्बन्धका दृष्टिले चासोका साथ हेरिएको थियो। अब चीन भ्रमणका क्रममा पनि लामिछानेले चिनियाँ कम्युनिस्ट पार्टीका उच्च तहका नेतासँग राजनीतिक संवाद गर्नेछन्। यसले रास्वपाले नेपालका परम्परागत राजनीतिक दलहरूभन्दा फरक ढंगले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न खोजिरहेको सन्देश दिन सक्ने विश्लेषण गरिएको छ। रास्वपाको सरकारमा सहभागिता र लामिछानेको राजनीतिक भूमिकासँगै उनको विदेश भ्रमणले थप महत्व पाएको छ। नयाँ राजनीतिक शक्तिका रूपमा स्थापित रास्वपाले सरकारमा आएपछि छिमेकी मुलुकसँग सम्बन्धलाई प्राथमिकतामा राख्दै आएको देखिन्छ। भारतपछि चीन भ्रमण हुनुले नेपालका दुई प्रमुख छिमेकीसँग समानान्तर रूपमा राजनीतिक सम्बन्ध विस्तार गर्ने प्रयासका रूपमा पनि यसलाई हेरिएको छ।

नेपालको विदेश नीतिमा भारत र चीन दुवैको विशेष महत्व रहँदै आएको छ। भौगोलिक, आर्थिक, व्यापारिक तथा सुरक्षा सम्बन्धका कारण नेपालले दुवै मुलुकसँग सन्तुलित सम्बन्ध कायम राख्नुपर्ने आवश्यकता रहन्छ। यस्तो अवस्थामा सत्तारुढ दलका प्रमुख नेताले दुवै छिमेकी मुलुकको भ्रमण गर्नु राजनीतिक तथा कूटनीतिक दृष्टिले अर्थपूर्ण हुने गर्दछ। लामिछानेको चीन भ्रमणमा नेपालका प्राथमिकताका विषयसमेत उठ्ने अपेक्षा गरिएको छ। चीनसँगको व्यापार, पूर्वाधार विकास, पर्यटन, सीमा व्यवस्थापन, कनेक्टिभिटी तथा आर्थिक सहकार्यका विषयमा छलफल हुन सक्ने सम्भावना छ। यद्यपि कुन विषयलाई औपचारिक रूपमा प्राथमिकता दिइने भन्ने कुरा भ्रमणको अन्तिम कार्यतालिका र चिनियाँ पक्षसँग हुने वार्तापछि मात्र स्पष्ट हुनेछ।

लामिछानेको चीन भ्रमणलाई रास्वपाभित्र पनि महत्वपूर्ण राजनीतिक गतिविधिका रूपमा हेरिएको छ। पार्टी सभापति स्वयं चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा भ्रमणमा जानुले रास्वपाको अन्तर्राष्ट्रिय राजनीतिक सम्पर्क विस्तार भइरहेको देखाउनेछ। पछिल्लो समय रास्वपाले विभिन्न देशका राजनीतिक दल तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्बन्ध बढाउने प्रयास गर्दै आएको अवस्थामा चीन भ्रमणले त्यसलाई थप गति दिने अपेक्षा गरिएको छ।

चीन भ्रमणबाट फर्किएपछि लामिछानेले भ्रमणका क्रममा भएका राजनीतिक भेटवार्ता र छलफलका विषयमा पार्टी तथा सरकारलाई जानकारी गराउने सम्भावना छ। विशेषगरी चीनको राजनीतिक नेतृत्वसँग भएको संवाद र नेपालका लागि चिनियाँ पक्षले राखेका धारणा भ्रमणको मुख्य उपलब्धिका रूपमा प्रस्तुत हुन सक्नेछ। यद्यपि चीन भ्रमणको सबैभन्दा बढी चासोको विषय लामिछाने र राष्ट्रपति सी चिनफिङबीच भेटवार्ता हुन्छ कि हुँदैन भन्नेमा थियो। प्रारम्भिक कार्यतालिकाअनुसार त्यस्तो भेटको सम्भावना नरहे पनि चीनका उपराष्ट्रपति, विदेशमन्त्री तथा चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखसँग हुने भेटवार्ताले भ्रमणलाई उच्च राजनीतिक महत्व दिने देखिएको छ।

भारतपछि चीनको भ्रमणमा निस्कन लागेका लामिछानेका लागि यो भ्रमण विदेश नीति र अन्तर्राष्ट्रिय राजनीतिक सम्बन्ध विस्तारका दृष्टिले पनि परीक्षणका रूपमा रहनेछ। सत्तारुढ दलका सभापतिको हैसियतमा उनले छिमेकी मुलुकसँग कसरी संवाद गर्छन् र भ्रमणबाट नेपालका लागि कस्तो राजनीतिक तथा कूटनीतिक सन्देश लिएर फर्कन्छन् भन्ने विषयलाई चासोका साथ हेरिएको छ।

भदौ ७ गतेबाट सुरु हुने भनिएको आठ दिने चीन भ्रमणमा बेइजिङदेखि तिब्बतको कैलाश मानसरोवरसम्मको यात्रा समेटिएको छ। राजनीतिक भेटघाटसँगै धार्मिक तथा सांस्कृतिक पक्ष जोडिएको भ्रमणले लामिछानेको चीन यात्रालाई अन्य औपचारिक राजनीतिक भ्रमणभन्दा केही फरक बनाउने देखिएको छ। अन्तिम कार्यतालिका सार्वजनिक भएपछि भेटवार्ता, सहभागी प्रतिनिधिमण्डल र भ्रमणका एजेन्डाबारे थप स्पष्टता आउनेछ।


**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था)

प्रधान कार्यालय- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

## Unaudited Financial Results (Quarterly)

### Condensed Statement of Financial Position
As on Quarter ended 32nd Asar 2083 (16th July 2026)

*Amount in NPR*

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalent | 737,089,179 | 779,538,102 |
| Due from Nepal Rastra Bank | 328,946,330 | 240,358,325 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to BFIs | 190,561,924 | 169,998,760 |
| Loans and Advances to Customers | 3,325,256,155 | 3,208,772,870 |
| Investment Securities | 1,024,844,361 | 1,527,597,541 |
| Current Tax Assets | 61,022,367 | 39,935,557 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investment Property | 112,870,655 | 53,034,175 |
| Property and Equipment | 254,233,124 | 264,779,550 |
| Goodwill and Intangible Assets | 1,718,367 | 616,559 |
| Deferred Tax Assets | 45,464,862 | 44,638,908 |
| Other Assets | 53,061,416 | 84,051,323 |
| **Total Assets** | **6,135,068,741** | **6,413,321,670** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 5,414,182,628 | 5,680,896,178 |
| Borrowings | - | 1,671,120 |
| Current Tax Liabilities | - | 0.07 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 180,854,640 | 188,711,818 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **5,595,037,269** | **5,871,279,116** |
| **Equity** | | |
| Share Capital | 557,456,067 | 557,456,067 |
| Share Premium | - | - |
| Retained Earnings | (236,683,671) | (203,693,789) |
| Reserves | 219,259,076 | 188,280,276 |
| **Total Equity Attributable to Equity Holders** | **540,031,473** | **542,042,554** |
| **Non Controlling Interest** | - | **-** |
| **Total Equity** | **540,031,473** | **542,042,554** |
| **Total Liabilities and Equity** | **6,135,068,741** | **6,413,321,670** |

### Condensed Statement of Profit or Loss
For the Quarter ended 32nd Asar 2083 (16th July 2026)

*Amount in NPR*

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 98,253,346 | 391,633,359 | 120,502,926 | 453,558,116 |
| Interest Expense | 55,407,787 | 248,068,528 | 77,491,088 | 315,168,048 |
| **Net Interest Income** | **42,845,559** | **143,564,831** | **43,011,839** | **138,390,068** |
| Fee and Commission Income | 5,135,778 | 19,076,560 | 4,613,345 | 14,700,594 |
| Fee and Commission Expense | 1,275,554 | 1,328,657 | 1,334,612 | 1,519,900 |
| **Net Fee and Commission Income** | **3,860,224** | **17,747,902** | **3,278,734** | **13,180,694** |
| **Net Interest, Fee and Commisson Income** | **46,705,783** | **161,312,734** | **46,290,572** | **151,570,762** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 96,607 | 2,677,512 | 1,286,079 | 2,579,029 |
| **Total Operating Income** | **46,802,390** | **163,990,246** | **47,576,651** | **154,149,791** |
| Impairment Charge/ (Reversal) for Loans and Other Losses | (47,006,686) | (38,175,386) | (43,765,292) | (171,530,562) |
| **Net Operating Income** | **93,809,076** | **202,165,632** | **91,341,943** | **325,680,354** |
| **Operating Expense** | **50,480,155** | **175,685,979** | **61,562,858** | **183,832,888** |
| Personnel Expenses | 27,464,599 | 97,948,491 | 37,059,923 | 107,367,500 |
| Other Operating Expenses | 19,386,345 | 63,140,222 | 6,322,448 | 48,628,759 |
| Depreciation & Amortisation | 3,629,211 | 14,597,266 | 18,180,486 | 27,836,629 |
| **Operating Profit** | **43,328,921** | **26,479,653** | **29,779,086** | **141,847,466** |
| Non Operating Income | - | 50,800 | 72,030 | 76,555 |
| Non Operating Expense | 9,253,689 | 25,528,907 | - | - |
| **Profit Before Income Tax** | **34,075,232** | **1,001,545** | **29,851,116** | **141,924,021** |
| **Income Tax Expense** | | | | |
| Current Tax | - | - | (33,621,872) | - |
| Previous Year Tax | - | - | 1,117,105 | 1,117,105 |
| Deferred Tax | - | - | (36,220,276) | (36,220,276) |
| **Profit/(loss) for the Period** | **34,075,232** | **1,001,545** | **98,576,159** | **177,027,193** |
| **Profit attributable to:** | | | | |
| Equity holders of the Bank | 34,075,232 | 1,001,545 | 98,576,159 | 177,027,193 |
| Non-controlling interest | - | - | - | - |
| **Profit for the Period** | **34,075,232** | **1,001,545** | **98,576,159** | **177,027,193** |
| **Earning Per Share** | | | | |
| Basic Earning per Share (Annualised) | | 0.18 | | 31.76 |
| Diluted Earning per Share (Annualised) | | 0.18 | | 31.76 |
| **Profit/(loss) for the period** | **34,075,232** | **1,001,545** | **98,576,159** | **177,027,193** |
| Other Comprehensive Income Net of Income Tax | (2,627,108) | (1,927,227) | 5,205,281 | 16,004,620 |
| **Total Comprehensive Income for the Period** | **31,448,124** | **(925,681)** | **103,781,440** | **193,031,813** |
| Total Comprehensive Income attributable to: | | | | |
| Equity-Holders of the Bank | 31,448,124 | (925,681) | 103,781,440 | 193,031,813 |
| Non-controlling Interest | - | - | - | - |
| **Total Comprehensive Income for the Period** | **31,448,124** | **(925,681)** | **103,781,440** | **193,031,813** |

### Ratios as per NRB Directives

*Amount in NPR*

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 12.36% | | 13.07% |
| Tier 1 Capital to RWA | | 10.27% | | 11.71% |
| Non-performing Loan (NPL) to Total Loan | | 5.92% | | 6.08% |
| Total Loan Loss Provision to Total NPL | | 90.97% | | 108.78% |
| Net Non-Performing Loan to Total Loan (Net NPL) | | 2.05% | | 1.01% |
| Credit to Deposit Ratio | | 66.92% | | 62.87% |
| Return on Equity (Annualised) | | 0.19% | | 32.66% |
| Return on Asset (Annualised) | | 0.02% | | 2.76% |
| Cost of Funds | 3.89% | | 5.41% | |
| Base Rate (Quarterly Average) | 7.25% | | 8.51% | |
| Interest Rate Spread | 4.59% | | 4.58% | |

**Notes to NFRS Compliant Financials as per NRB circular:**

1. The above financials have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by NRB.
2. Previous period figure have been regrouped / rearranged / restated wherever necessary.
3. Loan and Advances include interest receivables and are presented net of impairment charges.
4. In Compliance with NRB's ECL Guideliness, the bank has de-recognised interest income on loans & Advances classified under stage-3
5. The Bank, following regulatory backstop as mentioned in Clause 16 of "NFRS 9- Expected Credit Loss Related Guidelines, 2024" has recognized impairment on credit exposures as the HIGHER of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives no 02. Financial Statements with Full Compliance to ECL Guideliness shall be reported separately to NRB by the Bank.
6. Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities .
7. Detail interim financial report has been published in the bank's websites: www.sindhubank.com.np

### Statement of Distributable Profit or Loss
For the Quarter ended 32nd Asar 2083 (16th July 2026)
(As per NRB Regulation)

*Amount in NPR*

| Particulars | Current Year Upto this Quarter YTD | Previous Year Corresponding Quarter YTD |
|---|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **1,001,545** | **177,027,193** |
| **Appropriations:** | | |
| a. General reserve | 200,309 | 35,405,439 |
| b. Foreign exchange fluctuation fund | - | - |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | 10,015 | 1,770,272 |
| e. Employees' training fund | (248,457) | 1,026,444 |
| f. Other | - | - |
| **Profit or (loss) before regulatory adjustment** | **1,039,678** | **138,825,038** |
| **Regulatory adjustment :** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (2,321,718) | 12,508,570 |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | (29,780,616) | 41,386,159 |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - | (36,220,276) |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Actuarial loss recognised (-)/reversal (+) | - | - |
| i. Other | | |
| - Fair Value Reserves | (1,927,227) | 16,412,448 |
| **Net Profit for the Quarter ended on Asar 2083 available for distribution** | **(32,989,882)** | **172,911,939** |
| Opening Retained Earning as on Shrawan 1 2082 | (203,693,789) | (371,784,191) |
| Adjustment (+/-) | 0.07 | (4,821,536) |
| Distribution: | | |
| Bonus shares issued | - | - |
| Cash Dividend Paid | - | - |
| **Total Distributable profit or (loss) as on Quater end Asar 2083** | **(236,683,671)** | **(203,693,789)** |
| Annualised Distributable Profit/Loss per share | - | - |

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली
(२०७३ को अनुसूची १४ नियम २६ को उप नियम (१) संग सम्बन्धीत) आ.व. २०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपात सम्वन्धी विवरण:
समिक्षा अवधिको अन्तसम्ममा यस विकास वैंकको वित्तीय अनुपातहरु तपशील वमोजिम रहेका छन्।

| प्रति शेयर आम्दानी (वार्षिक) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ०.१८ | ३,७२९.१९ | ९६.८७ | १,१००.५५ | ३७.२४% |

२) **व्यवस्थापकीय विश्लेषण**

क) विषम परिस्थितिको कारणले निक्षेप वृद्धिको अनुपातमा कर्जा लगानी वृद्धि नभएकोले ब्याज खर्च बढ्न गई बैंकको खुद ब्याज आम्दानी र कुल संचालन आम्दानी गत आ.ब.को भन्दा अपेक्षित रुपमा वृद्धि नभएको हो। तथापि अन्य परिसुचकहरु सन्तोषप्रद रहेका छन। साथै, गत आ.ब. भन्दा निष्क्रृय कर्जाको अनुपातमा सुधार देखिएको छ। हालको विषम परिस्थितिको कारणले कर्जाहरुको मागमा संकुचन आएको र निष्क्रृय कर्जा असुलीमा असर परेको देखिन्छ।

३) **कानूनी कारवाही सम्वन्धी विवरण**

क) बिकास बैंकको सामान्य व्यवसायिक कारोबारको सिलसिलामा कर्जा असूलीसंग सम्बन्धित मुद्दा बाहेक समीक्षा अवधिमा विकास वैंकलाई कानूनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको।

ख) यिस विकास वैंकका संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको।

ग) समीक्षा अवधिमा कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको।

४) **संस्थाको शेयर कारोवार सम्वन्धी विवरण**

धितोपत्र बजारमा सेयरको खरिद विक्री कार्य स्वतन्त्र रुपले हुने गर्दछ। बैंक व्यवस्थापनको तर्फवाट नियमनकारी निकायको निर्देशन बमोजिम शेयर मूल्यमा असर पार्ने सुचना तत्कालै पेश गर्ने गरिएको छ। यस बिकास बैंकको आ.व. २०८२/०८३ को चौथो त्रैमासिक अवधिको शेयर कारोवारको विवरण यस प्रकार रहेको छ। (स्रोत: www.nepalstock.com)

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार संख्या | कारोबार दिन |
|---|---|---|---|---|
| ८३४ | ६३९.५० | ६७० | ८८२८ | ६४ |

५) **समस्या र चुनौतीहरु**

१) हालै देशमा घटेको जेनजी आन्दोलनको प्रभावले आर्थिक र राजनैतिक क्षेत्रमा देखिएको अन्यौलताले निम्त्याएको चुनौतीहरु।
२) देशको अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले कर्जाको मागमा भएको कमीको कारणले समग्र बैकिंग व्यवसायमा परेको असरहरु।
३) ठुला बैक तथा वित्तीय संस्थाको न्युन कोष लागतको कारणले कर्जा प्रवाहमा चर्को प्रतिस्पर्धाले पारेको असरहरु।
४) उत्पादनशील क्षेत्र (Productive Sector) तथा प्राथमिकता प्राप्त क्षेत्र (Priority Sector) मा ठोस रुपमा हुन नसकेको लगानी वृद्धिका कारण देशको अर्थतन्त्रमा पर्न सक्ने दुरगामी असरहरुले निम्त्याउने चुनौतीहरु।
५) दक्ष तथा प्रतिस्पर्धी कर्मचारीहरुको अभाववाट हुनसक्ने संचालन लगायतका जोखिमहरु।
६) संचालन तथा जोखिम न्यूनिकरणका लागि लागत खर्चमा भएको बृद्धि, बैंकिङ्ग क्षेत्रको बढ्दो प्रतिस्पर्धा आदिका कारण मार्जिन दर खुम्चिन गई मूनाफामा हुन सक्ने असर।

६) **संस्थागत सुशासन**

संस्थागत सुशासन सम्वन्धि नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुवाट प्राप्त मार्ग निर्देशनहरु यस वैंकले उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ। वैंकको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत रुपले सम्पादन गर्नका लागि संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, बैश्रइ क्रियाशील रहेका छन्। वैंकको कारोवारलाई व्यवस्थित गर्न आवश्यक आन्तरिक नीति तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ। विगतमा रहेका नीतिनियम, विनियमावली, प्रोडक्ट पेपरहरुलाई अद्यावधिक गरी लागू गर्ने कार्य गरिएको छ।

७) **सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गरी निर्णय लिनकालागि आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

**नोट: सूचनाको हक सम्वन्धि ऐन, २०६४ को दफा ५ को उपदफा (३) वमोजिमको विवरण यस विकास बैंकको आधिकारिक वेबसाईट : www.sindhubank.com.np मा राखिएको छ।**